# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खावाङ बगर, रुकुम (पूर्व)
लुम्विनी प्रदेश, नेपाल

प.सं. :- २०७९/८०
च.नं.:- ११६८

मितिः- वि.सं.२०८०/०१/०७ गते

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को यस चालु आ.व.२०७९/८०को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने *कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना (७ दिने) दोस्रो पटक प्रकाशित* त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडाबासी *कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु*लाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।
साथै उक्त *कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना* थान १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

..............................
(शिखर विश्वकर्मा)
ना.प्रा.स.(कृषि सेवा केन्द्र)

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

आर्थिक वर्षः- २०७९/८०
सूचना नं.:- 69

## कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धी सूचना।
## (दोस्रो पटक प्रकाशित मितिः- वि.सं.२०८०/०१/०७ गते)

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को यस चालु आ.व.२०७९/८०को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने ***५० प्रतिशत अनुदानमा खाद्यान्न बाली (मकै)को उन्नत बीउ वितरण कार्यक्रम, स्थानीय (LOCAL) बाली (कोदो, लट्टे (माटे/चाङ्गे), सिमी, भटमास)को वीउ वितरण कार्यक्रम*** र संघीय सरकारबाट हस्तान्तरित संघ विशेष अनुदान कार्यक्रमहरुतर्फ ***हरेक घर दश फलफूल विरुवा अनुदान कार्यक्रम*** अन्तर्गत ***५० प्रतिशत अनुदानमा बर्षे फलफूल (सुन्तला, कागती, जुनार, तिम्बुर, अनार, एभोकाडो, अलैची, स्ट्रबेरी) विरुवाहरु वितरण कार्यक्रमहरु***मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने ***भूमे गाउँपालिका भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु***ले तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी ***यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८०/०१/१३ गते)भित्र*** कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपशिलः

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. ५० प्रतिशत अनुदानमा खाद्यान्न बाली (मकै)को उन्नत बीउ वितरण कार्यक्रम, स्थानीय (LOCAL) बाली (कोदो, लट्टे (माटे/चाङ्गे), सिमी, भटमास)को वीउ वितरण कार्यक्रम र बर्षे फलफूल (सुन्तला, कागती, जुनार, तिम्बुर, अनार, एभोकाडो, अलैची, स्ट्रबेरी) विरुवाहरु वितरण कार्यक्रमहरुका लागिः

- कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदन र छाप ।
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- सञ्चालक/प्रोपाईटर/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७८/७९को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७८/७९को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको हकमा कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निर्णयको प्रतिलिपी।

(शिखर विश्वकर्मा)
ना.प्रा.स.(कृषि सेवा केन्द्र)

(प्रेम प्रसाद भट्टराई)
अधिकृत (छैटौं)

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

सम्पर्कका लागिः

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६,
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५,
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५,

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

पुनश्चः

- *व्यक्तिगत कृषकको हकमा:*
- *खाद्यान्न बाली (मकै)को उन्नत बीउ वितरण कार्यक्रमतर्फः-* मकैको उन्नत बीउ ५-१० के.जी.,
- *स्थानीय (LOCAL) बाली (कोदो, लट्टे (माटे/चाङ्गे), सिमी, भटमास)को बीउ वितरण कार्यक्रमतर्फः-* प्रत्येक स्थानीय (LOCAL) बालीको बीउ १-३ के.जी.,
- *बर्षे फलफूल (सुन्तला, कागती, जुनार, तिम्बुर, अनार, एभोकाडो, अलैंची, स्ट्रबेरी) बिरुवाहरु वितरण कार्यक्रमतर्फः-* प्रत्येक फलफूल १० वटा/संख्या भन्दा बढी माग गर्नुपर्नेछ ।
- *कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको हकमा:* व्यक्तिगत कृषकको हकमा उल्लेखित सामाग्रीहरुको अधिकतम् के.जी., वटा/संख्या भन्दा बढी माग गर्नुपर्नेछ ।
- ५०% अनुदानमा खाद्यान्न बाली (मकै)को उन्नत बीउ वितरण कार्यक्रम, स्थानीय (LOCAL) बाली (कोदो, लट्टे (माटे/चाङ्गे), सिमी, भटमास)को बीउ वितरण कार्यक्रम र बर्षे फलफूल (सुन्तला, कागती, जुनार, तिम्बुर, अनार, एभोकाडो, अलैंची, स्ट्रबेरी) बिरुवाहरु वितरण कार्यक्रम माग गर्दा कुल मूल्यको ५० प्रतिशत रकम अग्रीम जम्मा गर्नुपर्नेछ ।
- उल्लेखित कृषि अनुदान कार्यक्रमहरु माग सम्बन्धमा निवेदनको ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व), सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्व)को वेवसाईट www.bhumemun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।